# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०८।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी अङ्गदबहादुर शाहीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट

प्रतिवादी **अङ्गदबहादुर शाही र गोविन्द खनालले** मेडिकल सामग्रीहरू खरिद गरेको भनी झुट्टा बिल भरपाइ कागजातहरू तयार गरी भुक्तानी लिनुदिनु गरेकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुरमा बिगो रू.८१,८२२।– कायम गरी ऐ ऐनको दफा ८(१) बमोजिम कैद र जरिवानाको सजाय गरी ऐ. दफा ८(१) बमोजिम नै उल्लिखित बिगो समेत निज प्रतिवादीहरूबाट असुल उपर हुन एवं अङ्गदबहादुर शाहीले कार्यालयको खर्चबाट खरिद गरेको रु. ७,७०७।–को औषधि निजी प्रयोग गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू.७,७०७।–कायम गरी ऐ ऐनको दफा १७ ले निर्देश गरेबमोजिम ऐ.ऐनको दफा ३(१) एवं ऐ.दफा ३(१)(क) बमोजिम सजाय गरी ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन र उक्त औषधि स्टोर दाखिल गरेको देखिएबाट स्टोर किपर गोविन्द खनाललाई ऐ.ऐनको दफा १७ बमोजिमको कसूरमा ऐ.ऐनको दफा २२ बमोजिम मतियारको भूमिका निर्वाह गरेको हुँदा प्रतिवादी अङ्गदबहादुर शाहीलाई हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम प्रतिवादी गोबिन्द खनालउपर सजाय हुन,

प्रतिवादी **सि.अ.हे.व. सीताराम चौधरीले** मतियारको भूमिका निर्वाह गरेकाले (प्रतिवादीहरू अङ्गदबहादुर शाही र गोविन्द खनाललाई दाबी लिइएको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ङ) बमोजिमको कसूर) मुख्य प्रतिवादीहरू अङ्गदबहादुर शाही र गोविन्द खनाललाई ऐ ऐनको दफा ८(१) बमोजिम हुने सजायमा सीताराम चौधरीलाई ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।०१ को फैसलाबाट सफाई दिएको-:

- अङ्गदबहादुर शाहीले मौकामा बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको।
- प्रतिवादी सिताराम चौधरीले मौकामा र यस अदालतमा कसूरमा इन्कार रही बयान गरेको।
- गोविन्द खनालले मौकामा र अदालतमा बयान गर्दा नेपालगञ्जमै रहेको पसलबाट किनेको; नक्कली कागजात तयार गरी भुक्तानी लिएको होइन भनी कसूरमा इन्कार रही बयान गरेको तथा मिसिल संलग्न बिल, भरपाई औषधि वितरण गरेको कागजसमेतबाट निजले फर्जी कागजात प्रयोग गरी सरकारी रकम हिनामिना गरेको नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- एउटै खरिद आदेशमा तीन स्थानमा फरकफरक मिति उल्लेख रहेको तथा खरिद आदेश नं. नरहेकाले प्रतिवादीहरू आफै कुन मितिमा खरिद आदेश तयार भएको हो भन्ने कुरामा द्विविधामा रहेको, समर्पण फार्मेसीले उक्त खरिद आदेश बमोजिमका सामानहरू मिति २०७३।१२।१७ को बिल नं. ४६८ मार्फत मिति २०७३।१२।१८ मा दाखिल भएको दाखिला रिपोर्टबाट देखिएको।मिति २०७४।३।१३ मा पेश गरेको भुक्तानी निवेदनमा खरिद आदेश नं नै नरहेको साथै उक्त निवेदन कार्यालयमा मिति ०७४।३।२५ मा दर्ता भएको र ऐ. मितिको भुक्तानी आदेश मार्फत कार्यालयकै कर्मचारी गोविन्द खनाललाई भुक्तानी दिनु तथा

कार्यालयमा दाखिल भएको मेडिकल सामग्रीको भुक्तानीका लागि करीब ३ महिनापछि मात्र कार्यालयमा निवेदन पेश गरेको पाइनुले मेडिकल सामग्री खरिद नै नगरी भुक्तानी प्राप्त गरेको पुष्टि भएको।

- नेपाल सरकारका साक्षी अर्थात् समर्पण फार्मेसीका सञ्चालक रमेश पौडेलको बकपत्रमा अनुसन्धानको कागज व्यहोरा आफ्नो रहेको भनी लेखाएको; बिल नं ४६८ को बिल आफ्नो फार्मेसीको ठेगाना परिवर्तन हुनु अगाडिको रहेको भनेको र सर्जिकल सामग्री बर्दियाको आफ्नो फार्मेसीबाट बिक्री नभएको र नेपालगञ्जबाट भए नभएको सम्बन्धमा आफूलाई जानकारी नभएको भनी खुलाएको। यसरी निजले बिल आफ्नो रहेको भने पनि आफ्नो फार्मेसीबाट बिक्री नभएको उल्लेख गरी जवाफमा सर्जिकल सामान राखेकोसम्म भनेका छन्।
- प्रतिवादी सीताराम चौधरीले सजायबाट जोगिन आफूले रमेश पौडेलको मौखिक आदेशमा सामान बिक्री गर्ने गरेको भने पनि रमेश पौडेलले निज प्रतिवादीको उक्त बयान व्यहोरा स्वीकार नगरेकाले प्रतिवादीको बयान खण्डित भइरहेको। अङ्गदबहादुर शाहीको अदालतको बयानमा रमेश पौडेलले मुचुल्का कागजमा २०७० सालदेखि मैनापोखर, बर्दियामा समर्पण फार्मेसी सञ्चालन गरेको भनेको कुरा झुठो हो; भनी लेखाएको आन्तरिक राजश्व कार्यालय, नेपालगञ्जको च.नं १०११, मिति २०७८।५।९ को पत्रमा समेत समर्पण फार्मेसी मिति २०७१।११।१३ देखि सञ्चालन भएको उल्लेख रहेको। प्रतिवादी सीताराम चौधरीको अदालतको बयानको जवाफमा समेत सोही कुरा उल्लेख रहेको। यसरी नक्कली बिल भएको जान्दाजान्दै निज प्रतिवादीले भुक्तानी दिन तोक लगाएको तथा लेखा शाखाले पनि भुक्तानी गरेको देखिएकोमा प्रतिवादीहरूको मिलेमतो रहेको स्पष्ट भइरहेको।
- प्रतिवादी गोविन्द खनालले मेडिकल समग्रीहरु खरिद आदेशको नम्बरसमेत उल्लेख गरी खरिद आदेश तयार गरेको, समर्पण फार्मेसीबाट युटुलिटी ग्लोभ्स् समेतका मेडिकल सामग्रीहरू खरिद नै नगरेको अवस्थामा रू.८२,९४२।– को मेडिकल सामग्रीहरू खरिद गरेको झुठ्ठा बिल पेश गरी सोही आधारमा स्टोर दाखिलसमेत गरेको देखाई भुक्तानीको लागि निवेदन पेश गरेको, प्रतिवादी अङ्गदबहादुर शाहीले लेखा शाखालाई तोक लगाई लेखा शाखाबाट सोही दिन खर्च लेखी चेकमार्फत रू.८१,८२२।– भुक्तानी दिएको देखिएको अदालतसमक्षको बयानको आफूलाई फसाउनुपर्ने कारण र व्यक्तिका सम्बन्धमा उल्लेख नगरी केवल फसाइएको भनेकै भरमा अदालतले गरेको फैसला बदरभागी रहेको। विभिन्न स्वास्थ्य सामग्री औषधि खरिद गरेको रेकर्डबाट देखिएको भनी अदालतले फैसलामा आधार लिए पनि अदालतकै बयानका बखतमा पनि यी प्रतिवादीहरूले ती कागजात/ढड्डा पेश गर्न सकेको देखिदैन। यसरी यथासमयमै पेश गर्न नसकेको ढड्डा निकै समयपछि पेश हुनुले समेत ढड्डाको विश्वसनीयतामा प्रश्न उठाई फैसला गर्नुपर्नेमा सफाइ दिने आधार लिई गरिएको त्रुटिपूर्ण फैसला बदरभागी रहको।
- मिति २०७० सालबाट समर्पण फार्मेसी, नेपालगञ्जमा सञ्चालनमा नरही जि. बर्दिया, बढैयाताल गाउँपालिका, मैनापोखरमा सञ्चालनमा रहेको र निज सिताराम चौधरीले सञ्चालनमा नै नरहेको फार्मेसी सञ्चालनमा रहेको भनी अनधिकृत तरिकाले अरू व्यक्तिले नै अन्यत्र सञ्चालन गरेको फार्मेसीबाट मिति २०७३।१२।१७ को बिल नं ४६८ बाट रू.८२,९४२।– बराबरको औषधि खरिद गरेको झुठा बिल उपलब्ध गराएको देखिएकोले सो बिल बमोजिमकै औषधि उपलब्ध नगराई बिलमात्र उपलब्ध गराई बदनियतपूर्वक सरकारी रकम मासेको पुष्टि भइरहेको।
- भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीहरूको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायरा भित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी नि.नं. १०१४२ मा व्याख्या भएको पाइन्छ। यी प्रतिवादीहरूले मेडिकल सामग्री खरिद नै नगरी खरिद गरेको भनी बिल बनाएको पुष्टि भइरहेकाले

प्रतिवादीहरूको Mens Rea र Actus Reus दुवै विद्यमान रहेको प्रस्तुत मुद्दामा प्रमाणको उचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता<br>नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | अङ्गदबहादुर शाही, गोविन्द खनाल र सीताराम चौधरी (०७९-CR-००८५) फैसला मिति २०८०।११।१ | गैरकानुनी लाभ हानी पुर्‍याई भ्रष्टाचार गरेको। | (क) **अङ्गदबहादुर शाही र गोविन्द खनाल (बिगो रू.८१,८२२।–) को हकमा**<br>गोविन्द खनालले मिति २०७३।११।२ गते श्री समर्पण फार्मेसी, नेपालगञ्जलाई सम्बोधन गरी युटुलिटी ग्लोभ्स समेतका मेडिकल सामग्रीहरू मिति २०७३।११।३० गतेसम्म जिल्ला स्वास्थ्य कार्यालय, जुम्लामा दाखिल गरी विल इन्भोइस प्रदान गर्नुहुन भनी खरिद आदेश नम्बरसमेत उल्लेख नगरी खरिद आदेश तयार गरेको, सो पश्चात् निजले समर्पण फार्मेसीबाट मेडिकल सामग्रीहरू खरिद नै नगरेको अवस्थामा बीजक नं.४६८ बाट मिति २०७३।१२।१७ गते रु.८२,९४२।– को मेडिकल सामग्रीहरू खरिद गरेको झुठ्ठा बिल पेश गरी सोही आधारमा मिति २०७३।१२।१८ गते स्टोर दाखिल समेत गरेको देखाई निजले भुक्तानीको लागि मिति २०७४।३।१३ गते निवेदन पेश गरेकोमा मिति २०७४।३।२५ गते कार्यालय प्रमुख अङ्गदबहादुर शाहीले नियमानुसार भुक्तानीको लागि लेखा शाखालाई तोक लगाई लेखा शाखाबाट सोही दिन गौ.भौ.नं. ८ बाट खर्च लेखी चेक मार्फत गोविन्द खनाललाई करकट्टी गरी रू.८१,८२२।– भुक्तानी दिएको र निजले रू. ८१,८२२।– चेक मार्फत मिति २०७४।३।२५ गते भुक्तानी लिएको देखिएबाट निजहरूले खरिद नै नगरेका मेडिकल सामग्रीहरू खरिद गरेको भनी झुट्टा बिल भरपाइ कागजातहरू तयार गरी भुक्तानी लिनुदिनु गरेकोले प्रतिवादीहरू अङ्गदबहादुर शाही र गोविन्द खनाललाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुरमा बिगो रू.८१,८२२।– कायम गरी ऐ ऐनको दफा | **फैसला-**<br>सम्पूर्ण प्रतिवादीहरूले सफाइ पाउने।<br>**सफाइ दिँदाका आधार-**<br>**अ. -बिगो रू.८१,८२२।– को हकमा**<br>क) अङ्गदबहादुर शाहीले मौकामा बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको।<br>ख) प्रतिवादी सिताराम चौधरीले मौकामा र यस अदालतमा कसूरमा इन्कार रही बयान गरेको।<br>ग) गोविन्द खनालले मौकामा र अदालतमा बयान गर्दा नेपालगञ्जमै रहेको पसलबाट किनेको; नक्कली कागजात तयार गरी भुक्तानी लिएको होइन भनी कसूरमा इन्कार रही बयान गरेको तथा मिसिल संलग्न बिल, भर्पाइ, औषधि वितरण गरेको कागजसमेतबाट निजले फर्जी कागजात प्रयोग गरी सरकारी रकम हिनामिना गरेको देखिदैन।<br>क) जनस्वास्थ्य सेवा कार्यालय, जुम्लाको आ.व 2073/074 .को खर्च भएर जाने जिन्सी खाताको सामानहरूको आम्दानी तथा खर्चको विवरण म.ले.प.फा.नं .५२ को सक्कल रजिष्टर ढड्डा फाइलको पाना नं . २३६ देखि २५५ सम्म विभिन्न स्वास्थ्य सामग्री औषधि खरिद गरेको रेकर्डबाट देखिएको।<br>**आ. बिगो रू .७,७०७। -को हकमा**<br>क) अङ्गदबहादुर शाहीले अदालतको बयानमा रू. ७,७०७।- को औषधि सरकारी रकम हानि नोक्सानी हुने गरी किनेको होइन भनी इन्कारी बयान गरेको।<br>गोविन्द खनालले मौकामा र अदालतमा बयान गर्दा नेपालगञ्जमै रहेको पसलबाट किनेको; नक्कली कागजात तयार गरी भुक्तानी लिएको होइन भनी कसूरमा इन्कार रही बयान गरेको तथा मिसिल संलग्न बिल, भर्पाइ, औषधि वितरण | **अ. <u>बिगो रू.८१,८२२।– को हकमा</u>**<br>क. प्रस्तुत मुद्दामा मिसिल संलग्न एउटै खरिद आदेशमा तीन स्थानमा फरकफरक मिति (सबैभन्दा माथि मिति २०७३।१२।१६, २०७३।११।३० भित्र जिल्ला स्वास्थ्य कार्यालयमा सामान दाखिल गराउने व्यहोरा र २०७३।११।२ मा फाँटवालाको हस्ताक्षर) उल्लेख रहेको तथा खरिद आदेश नं. नरहेकाले प्रतिवादीहरू आफै कुन मितिमा खरिद आदेश तयार भएको हो भन्ने कुरामा द्विविधामा रहेका छन्।उक्त खरिद आदेशमा मिति २०७३।११।३० भित्र जिल्ला स्वास्थ्य कार्यालयमा सामग्री दाखिल गरी इन्भोइस पेश गर्ने व्यहोरा उल्लेख छ।समर्पण फार्मेसीले उक्त खरिद आदेश बमोजिमका सामानहरू बिल नं ४६८, मिति २०७३।१२।१७ को मितिको बिलसहित मिति २०७३।१२।१८ मा दाखिल भएको दाखिला रिपोर्टबाट देखिन्छ।मिति २०७४।३।१३ को मितिमा पेश गरेको भुक्तानी निवेदनमा खरिद आदेश नं नै नरहेको पाइन्छ।साथै उक्त निवेदन कार्यालयमा मिति ०७४।३।२५ मा दर्ता भएको र ऐ मितिको भुक्तानी आदेश मार्फत कार्यालयकै कर्मचारी गोविन्द खनाललाई भुक्तानी दिनु तथा कार्यालयमा दाखिल भएको मेडिकल सामग्रीको भुक्तानीका लागि करीब ३ महिनापछि मात्र कार्यालयमा निवेदन पेश गरेको पाइनुले मेडिकल सामग्री खरिद नै नगरी भुक्तानी प्राप्त गरेको पुष्टि भएको पाइन्छ।<br>ख. नेपाल सरकारका साक्षी अर्थात् समर्पण फार्मेसीका सञ्चालक) विवादित बिलका पसल सञ्चालक ( रमेश पौडेलको बकपत्रको जवाफ ६ मा अनुसन्धानको कागज व्यहोरा आफ्नो रहेको भनी लेखाएका; जवाफ १० मा बिल नं ४६८ को बिल आफ्नो फार्मेसीको ठेगाना परिवर्तन हुनु अगाडिको रहेको भनेका र जवाफ ११ मा सर्जिकल सामग्री बर्दियाको आफ्नो फार्मेसीबाट बिक्री नभएको र नेपालगञ्जबाट भए नभएको सम्बन्धमा आफूलाई जानकारी नभएको खुलाएका छन्।यसरी निजले बिल आफ्नो रहेको भने पनि आफ्नो फार्मेसीबाट बिक्री नभएको उल्लेख गरी जवाफ १४ मा सर्जिकल सामान राखेकोसम्म भनेका छन्।<br>ग. प्रतिवादी सीताराम चौधरीले सजायबाट जोगिन आफूले रमेश पौडेलको मौखिक आदेशमा सामान बिक्री गर्ने कार्य गरेको भने पनि रमेश पौडेलले निज प्रतिवादीको उक्त बयान व्यहोरा स्वीकार नगरेकाले प्रतिवादीको बयान खण्डित भइरहेको छ।अङ्गदबहादुर शाहीको अदालतको बयानको जवाफ १५ मा रमेश पौडेलले मुचुल्का कागजमा २०७० सालदेखि मैनापोखर, बर्दियामा समर्पण फार्मेसी सञ्चालन गरेको भनेको कुरा झुठो हो; २०७१ फागुनमा सरेको भनी लेखाएको तर आफ्नै कार्यालयमा मिति दर्ता नं ७३७, ०७४।३।२५ मा दर्ता रहेको भुक्तानी पाऊँ भन्नेबारेको निवेदन )बिल नं ४६८ सहित (मा निज अङ्गदबहादुर शाहीले तोक लगाएका छन्।आन्तरिक राजश्व कार्यालय, नेपालगञ्जको च.नं १०११, मिति २०७८।५।९ को पत्रमा समेत समर्पण फार्मेसी मिति २०७१।११।१३ देखि बढैयाताल-६, बर्दियामा सञ्चालन भएको उल्लेख छ।प्रतिवादी सीताराम चौधरीको अदालतको बयानको जवाफ १३ मा समेत सोही कुरा उल्लेख छ।यसरी नक्कली बिल भएको जान्दाजान्दै निज प्रतिवादीले भुक्तानी दिन तोक लगाएको तथा लेखा शाखाले पनि भुक्तानी गरेको देखिएकोमा प्रतिवादीहरूको मिलेमतो रहेको स्पष्ट भइरहेको छ।साथै अदालतको बयानमा जवाफ १९ मा आफूले मेडिकल सामग्री वितरण गरेको लेखाए पनि ती सामग्री वितरण गरेको भरपाइ पेश हुन सकेको छैन।जवाफ १९ मा आफूले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अक्सिजन सिलिण्डर भराई दिएको भनेकोमा सो सिलिण्डर भरेकै खरिद भएको बिल पेश भई भुक्तानी गरिएको पाइन्छ।यसरी बाझिएका बयान कागजसमेतले निज प्रतिवादीहरूले सत्य बोलेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ८(१) बमोजिम कैद र जरिवानाको सजाय गरी ऐ. दफा ८(१) बमोजिम नै उल्लिखित बिगो समेत निज प्रतिवादीहरूबाट असुल उपर हुन।<br>**) सि.अ.हे.व. सीताराम चौधरी (बिगो रू.८१,८२२।–) को हकमा**<br>मिति २०७० सालबाट समर्पण फार्मेसी, नेपालगञ्जमा सञ्चालनमा नरही जि. बर्दिया, बढैयाताल गाउँपालिका, मैनापोखरमा सञ्चालनमा रहेको तर सिताराम चौधरीले सञ्चालनमा नै नरहेको फार्मेसी सञ्चालनमा रहेको भनी अनधिकृत तवरले अरू व्यक्तिले अन्यत्र सञ्चालन गरेको फार्मेसीबाट मिति २०७३।१२।१७ को बिल नं ४६८ बाट रु.८२,९४२।–को औषधि खरिद गरेको झुठा बिल उपलब्ध गराएको देखिएकोले सो बिल बमोजिमकै औषधि उपलब्ध नगराई बिलमात्र उपलब्ध गराई मतियारको भूमिका निर्वाह गरेकाले (प्रतिवादीहरू अङ्गदबहादुर शाही र गोविन्द खनाललाई दाबी लिइएको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ङ) बमोजिमको कसूर) मुख्य प्रतिवादीहरू अङ्गदबहादुर शाही र गोविन्द खनाललाई ऐ ऐनको दफा ८(१) बमोजिम हुने सजायमा सीताराम चौधरीलाई ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइएको छ।<br>**अङ्गदबहादुर शाही र गोविन्द खनाल (बिगो रु ७,७०७।–) को हकमा**<br>प्रतिवादी अङ्गदबहादुर शाहीले कार्यालयको खर्चबाट खरिद गरेको करकट्टी सहित रू. ७,७०७।–को औषधि व्यक्तिगत प्रयोजनको लागि खरिद गरी भुक्तानी समेत लिई सरकारी सम्पत्ति निजी प्रयोगमा लगाई हानि नोक्सानी पुर्‍याएको पुष्टि भएकाले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू.७,७०७।–कायम गरी ऐ ऐनको दफा | गरेको कागजसमेतबाट निजले फर्जी कागजात प्रयोग गरी सरकारी रकम हिनामिना गरेको देखिँदैन। | भनी विश्वास गर्न सकिने अवस्था देखिँदैन।<br>घ. प्रतिवादी गोविन्द खनालले मिति २०७३।११।२ गते श्री समर्पण फार्मेसी, नेपालगञ्जलाई सम्बोधन गरी युटुलिटी ग्लोब्स् समेतका मेडिकल सामग्रीहरू मिति २०७३।११।३० गतेसम्म जिल्ला स्वास्थ्य कार्यालय, जुम्लामा दाखिल गरी विल इन्भोइस प्रदान गर्नुहुन भनी खरिद आदेश नम्बरसमेत उल्लेख नगरी खरिद आदेश तयार गरेको, सोपश्चात् निजले समर्पण फार्मेसीबाट युटिलिटी ग्लोब्स समेतका मेडिकल सामग्रीहरू खरिद नै नगरेको अवस्थामा बीजक नं.४६८ बाट मिति २०७३।१२।१७ गते रू.८२,९४२।– को मेडिकल सामग्रीहरू खरिद गरेको झुठ्ठा बिल पेश गरी सोही आधारमा मिति २०७३।१२।१८ गते स्टोर दाखिलसमेत गरेको देखाई निजले भुक्तानीको लागि मिति २०७४।३।१३ गते निवेदन पेश गरेकोमा मिति २०७४।३।२५ गते प्रतिवादी अङ्गदबहादुर शाहीले लेखा शाखालाई तोक लगाई लेखा शाखाबाट सोही दिन गोश्वारा भौचर नम्बर ८ बाट खर्च लेखी चेकमार्फत निज गोविन्द खनाललाई करकट्टी गरी रू.८१,८२२।– भुक्तानी दिएको र निजले उक्त रकम चेक मार्फत मिति २०७४।३।२५ गते भुक्तानी लिएको देखिएबाट निजहरूले खरिद नै नगरेका मेडिकल सामग्रीहरू खरिद गरेको भनी झुट्टा बिल भरपाइ कागजातहरू तयार गरी भुक्तानी लिनुदिनु गरेको देखिन्छ। जवाफ २० मा भरपाइ कागजातहरू नभेटिएको भनी बयान गर्नुले समेत स्टोरकीपरको पदीय हैसियतमा रहेका निजले सरकारी कागजातहरूको संरक्षण समेत गर्न नसकेको अवस्था छ। अदालतसमक्षको बयानको जवाफ १९ मा आफूलाई फसाउनुपर्ने कारण र व्यक्तिका सम्बन्धमा उल्लेख नगरी केवल फसाइएको भनेकै भरमा अदालतले गरेको फैसला बदरभागी छ। जनस्वास्थ्य सेवा कार्यालय, जुम्लाको आ.व. २०७३/०७४ को खर्च भएर जाने जिन्सी खाताको सामानहरूको आम्दानी तथा खर्चको विवरणको सक्कल रजिष्टर ढड्डा फाइलको पाना नं. २३६ देखि २५५ सम्म विभिन्न स्वास्थ्य सामग्री औषधि खरिद गरेको रेकर्डबाट देखिएको भनी अदालतले फैसलामा आधार लिए पनि अदालतकै बयानका बखतमा पनि यी प्रतिवादीहरूले ती कागजात/ढड्डा पेश गर्न सकेको देखिँदैन। यसरी यथासमयमै पेश गर्न नसकेको ढड्डा निकै समयपछि पेश हुनुले समेत ढड्डाको विश्वसनीयतामा प्रश्न उठाई फैसला गर्नुपर्नेमा सफाइ दिने आधार लिई गरिएको त्रुटिपूर्ण फैसला बदरभागी छ।<br>ङ. मिति २०७० सालबाट समर्पण फार्मेसी, नेपालगञ्जमा सञ्चालनमा नरही जि. बर्दिया, बढैयाताल गाउँपालिका, मैनापोखरमा सञ्चालनमा रहेको र निज सिताराम चौधरीले सञ्चालनमा नै नरहेको फार्मेसी सञ्चालनमा रहेको भनी अनधिकृत तरिकाले अरू व्यक्तिले नै अन्यत्र सञ्चालन गरेको फार्मेसीबाट मिति २०७३।१२।१७ को बिल नं ४६८ बाट रू.८२,९४२।– बराबरको औषधि खरिद गरेको झुठा बिल उपलब्ध गराएको देखिएकोले सो बिल बमोजिमकै औषधि उपलब्ध नगराई बिलमात्र उपलब्ध गराई बदनियतपूर्वक सरकारी रकम मासेको पुष्टि भइरहेको छ।<br>च. भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीहरूको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायरा भित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुन्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी नि.नं. १०१४२ मा व्याख्या भएको पाइन्छ। यी प्रतिवादीहरूले मेडिकल सामग्री खरिद नै नगरी खरिद गरेको भनी बिल बनाएको पुष्टि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १७ ले निर्देश गरेबमोजिम ऐ.ऐनको दफा ३(१) एवम् ऐ.दफा ३(१)(क) बमोजिम सजाय गरी ऐ ऐनको दफा १७ बमोजिम रू. ७,७०७।– निज अङ्गदबहादुर शाहीबाटै असुलउपर हुन र उक्त औषधि स्टोर दाखिल गरेको देखिएबाट स्टोर किपर गोविन्द खनाललाई ऐ ऐनको दफा १७ बमोजिमको कसूरमा ऐ.ऐनको दफा २२ बमोजिम मतियारको भूमिका निर्वाह गरेको हुँदा प्रतिवादी अङ्गदबहादुर शाहीलाई हुने सजायमा ऐ ऐनको दफा २२ बमोजिम प्रतिवादी गोबिन्द खनालउपर सजाय हुन। | | भइरहेकाले प्रतिवादीहरूको Mens Rea र Actus Reus दुवै विद्यमान रहेको प्रस्तुत मुद्दामा प्रमाणको उचित मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण छ।<br><br>**आ. बिगो रू. ७,७०७।- को हकमा**<br>क. Siptim र Zoral औषधिको खरिद आदेश नै नरही शुभकामना मेडिकल हलको २०७४।३।<br>७,७०७।– को औषधि खरिद गरेको बिल रही दाखिल रिपोर्टमात्र रहेको पाइन्छ।यसरी खरिद आदे<br>सूची बाहिरको औषधि किन्नुको कारण प्रतिवादीहरूले खुलाउन सकेका छैनन्।उक्त औषधि प्रतिवादीह<br>अनुसार कार्यालय प्रयोजनका लागि खरिद भएको हो भने क्रेता गोविन्द खनाल र बिक्रेता शुभकाम<br>देखिएको अवस्थामा अङ्गदबहादुर शाहीका नाममा मिति २०७४।३।२० को भुक्तानी आदेशबाट भुक्त<br>चित्तबुझ्दो कारण प्रतिवादीहरूले गुजार्न सकेका छैनन्।सम्बन्धित फार्मेसीलाई औषधि वापतको रक<br>दिनुपर्नेमा प्रतिवादी अङ्गदबहादुर शाही आफैले लिएको कुरा भुक्तानी आदेशबाट पुष्टि भइरहेको पाइन्छ।<br>ख. प्रतिवादी अङ्गदबहादुर शाहीले अदालतको बयानको जवाफ २० मा सर्वसाधारणलाई उपलब्ध गराए<br>उपलब्ध गराउँदाको भरपाइ उपलब्ध गराउन नसकेको; आफू उक्त औषधिको उपभोक्ता समेत भ<br>मात्रामा सेवन गरेको भनी लेखाएकाले कार्यालयको खर्चबाट खरिद गरेको रू.७,७०७।–को उ<br>ब्यक्तिगत प्रयोजनको लागि खरिद गरी भुक्तानीसमेत लिई सरकारी सम्पत्ति निजी प्रयोगमा लगाई हा<br>पुऱ्याएको पुष्टि भइरहेको र उक्त औषधि स्टोर दाखिलसमेत गरेकाले गोविन्द खनालले मतियारको भू<br>गरेको स्पष्ट देखिन्छ। |